मिति २०८३ साल भदौ ९ गते मंगलवारका बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाको ८१ औं बैठकको निर्णयहरु

१. निर्णय नं. १ बुढीगंगा गाउँ कार्यपालिकाको ८० औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा गरियो ।

२. निर्णय नं. २ गाउँकार्यपालिकाको मिति २०८३/०४/२८ गतेको निर्णयानुसार तराई मधेश समृद्धी कार्यक्रम मार्फत आ.व २०८२/८३ मा कार्यान्वयनका लागि प्रास योजना टंकि चौक देखि वडा नं. १ को कार्यालय हुँदै APF Camp सम्म जाने बाटोमा नाला निर्माणको म्याद थप भएकाले उक्त योजना कार्यान्वयनका लागि तराई मधेश कार्यक्रम आवश्यक रकम माग गर्ने ।

३. निर्णय नं. ३ मिति २०८३/०४/२८ गते भएको गाउँकार्यपालिकाको बैठकबाट बालविकास सहजकर्ता , विद्यालय सहयोगी कर्मचारी, विद्यालय सहायक कर्मचारी गाउँपालिका स्रोतबाट तपसिल अनुसारको तलब व्यवस्थापन गर्ने निर्णय भएको उक्त रकम संशोधन गर्ने।

४. निर्णय नं. ४ सामुदायिक विद्यालयबाट SEE/SLC उत्तीर्ण गरी प्राविधिक शिक्षालयमा अध्ययनरत दलित तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्नका लागि "दलित तथा जेहेन्दार विद्यार्थी प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३ " पारित गर्ने।

५. निर्णय नं. ५ यस बुढीगंगा गाउँपालिकामा निर्माण सम्पन्न भै हस्तान्तरण भएका ५/१०/१५ शैथ्याका आधारभूत अस्पतालको लागि प्रास सशर्त अनुदान प्राथमिकता र आवश्यकताको आधारमा खर्च गर्न कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३(स्थानीय तह) बमोजिम अनुसूची १ अनुसारको शिर्षकमा बाँडफाट गर्ने। साथै बुढीगंगा पालिका अस्पताल बुढीगंगा ६ सुक्चरमा ल्याव तथा एक्सरे लगायत सेवा शुल्कवाट संकलित राजश्वको रकम कार्यविधि अनुसार गर्ने गरी बुढीगंगा पालिका अस्पताल बुढीगंगा ६ सुक्चरलाई निर्देशन दिने।

६. निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा बजार व्यवस्थापन (अनुगमन र नियमन) विधेयक,२०८३, संघ संस्था दर्ता विधेयक,२०८३, सामाजिक सुरक्षा कोष विधेयक,२०८३ र कर्मचारी कल्याण कोष विधेयक,२०८३ स्वीकृत गरी गाउँ सभाको उन्नाइसौं अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने ।।

७. निर्णय नं. ७ बुढीगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन ऐन,२०८३ संसोधन विधेयक,२०८३ स्वीकृत गरी गाउँ सभाको उन्नाइसौं अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने ।

८. निर्णय नं. ८ "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधिको दफा २(३) बमोजिम पेश भएका निर्माण व्यवसायी फर्म/ कम्पनीहरुलाई इजाजत दिने ।साथै यस गाउँपालिकामा दर्ता कायम रहेका घ बर्ग निर्माण व्यवसायी फर्म/ कम्पनीहरुले यस पालिकाबाट

प्रमाणित

अन्यत्र जानका लागि ठाउँसारी निवेदन पेश गरेकाले आवश्यक प्रकृया पुर्याई ठाउँसारीको अनुमती प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने।

९. निर्णय नं. ९ वडा नं.३ को वडा कार्यालय भवन जोखिमयुक्त तथा जीर्ण अवस्थामा रहेको हुँदा कर्मचारी तथा सेवाग्राहीको सुरक्षालाई मध्यनजर गरी नयाँ वडा कार्यालय भवन निर्माण गर्नुपर्ने देखिएकोले उक्त भवन निर्माणका लागि DPR बमोजिमको आवश्यक बजेट रकम उपलब्ध गराइदिन जिल्ला समन्वय समिति मोरङ समक्ष अनुरोध गरी रकम माग गर्ने।

१०. निर्णय नं. १० बुढीगंगा-७ कमलपुरमा सञ्चालन भईरहेको फुटबल कार्यक्रमलाई आवश्यक प्रकृया पुरा गरी रु ४००००/- प्रदान गर्ने गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

प्रमाणित